जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०७ पृष्ठः ४ | २०८३ बैशाख ११ शुक्रबार (Friday 24 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहा कारागारमा किन हुन्छ पटक-पटक लफडा ?

सिरहा कारागारमा यो घटना पहिलो होइन। यहाँ आन्तरिक व्यवस्थापन कब्जा गरेर बसेका कैदीबन्दीबीच पटकपटक कुटपिट, झडप तथा अन्य आपराधिक क्रियाकलाप दोहोरिँदै आएका छन्।




**सुरेश राय**

सिरहा, १० वैशाख। गत सोमबार सिरहा कारागारका कैदीबन्दीको एक समूहले चौकीदार प्रेम चौधरीलाई जबरजस्ती बाहिर निकाल्यो। थप झडप र असुरक्षाको अवस्था सिर्जना हुनसक्ने भन्दै २३ जना कैदीलाई नियन्त्रणमा त लिइयो तर यो घटनाले कारागार प्रशासनको निरीहता, कैदीबन्दीको गुण्डागर्दी र कारागार अपराधको थलो बन्दै गएको प्रमाण दिन्छ। कारागारको आन्तरिक व्यवस्थापन कब्जा गर्ने प्रयासस्वरूप कैदीहरूले चौकीदारमाथि आक्रमण गरेको प्रशासनले समेत स्वीकार गरेको छ ।

सिरहा कारागारमा यो घटना पहिलो होइन। यहाँ आन्तरिक व्यवस्थापन कब्जा गरेर बसेका कैदीबन्दीबीच पटकपटक कुटपिट, झडप तथा अन्य आपराधिक क्रियाकलाप दोहोरिँदै आएका छन्। यसअघि २०८२ माघमा जिल्ला सुरक्षा समितिले कारागारमा सर्च-अपरेसन गर्दा कट्टुवा पेस्तोल र दुई राउन्ड गोली बरामद गरेको थियो। सुरक्षाको दृष्टिकोणले अत्यन्त संवेदनशील मानिने कारागारमा बन्देज रहेका हतियार फेला परेपछि नाइके इन्द्रजित यादवसहित १३ जनालाई प्रहरीले नियन्त्रणमा लिई पछि अन्यत्र सारिएको थियो।

नाइके यादवको समूहले २०८२ साउन ४ गते कारागारभित्रै १३ जना कैदीबन्दीमाथि निर्घात कुटपिट गरी घाइते बनाएको घटना पनि सार्वजनिक भएको थियो। उक्त समूहले आफ्नो आदेश नमानेको भन्दै १० जना कैदीलाई आँखामा पट्टी बाँधेर र हात पछाडि बाँधेर कुटपिट गरेको थियो। त्यसैगरी,

**-बाँकी तीन पेजमा**

## मोटरसाइकलको ठक्करबाट बालिकाको मृत्यु

सिरहामा मोटरसाइकलको ठक्करबाट ५ वर्षकी बालिकाको मृत्यु भएको छ।

सिरहा, १० वैशाख। सिरहामा मोटरसाइकलको ठक्करबाट ५ वर्षकी बालिकाको मृत्यु भएको छ। चोहर्वा-सिरहा सडकखण्ड अन्तर्गत नरहा गाउँपालिका-३ खोरिया टोलमा भएको सवारी दुर्घटनामा स्थानीय मोहम्मद देलालकी ५ वर्षीया छोरी खजिजा खातुनको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय सिरहाका आज मध्याह्न करिब १२:२० बजे सिरहाबाट मिर्चैयातर्फ जाँदै गरेको प्र.२-०१-००३ प ७६९६ नम्बरको मोटरसाइकलले विपरीत दिशाबाट पैदल हिँडिरहेकी उनलाई ठक्कर दिएको थियो।

ठक्करबाट गम्भीर घाइते भएकी बालिकालाई तत्काल उपचारका लागि गोलबजारस्थित बर्धमान अस्पताल लगिएको थियो। उपचारकै क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन्। दुर्घटनापछि मोटरसाइकल चालक फरार रहेको र उनको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी रमेश बहादुर पालको भनाइ छ।

## सरुवा र काज फिर्ता मान्दैनन् पहुँचवाला कर्मचारी

संघीय सरकारले मधेश प्रदेशमा कार्यरत दर्जनौँ इन्जिनियर र चिकित्सकको सरुवा तथा काज फिर्ता गरे पनि उनीहरूले रमाना बुझ्न मानेका छैनन्। मुख्यमन्त्री र मन्त्रीहरूकै संरक्षणमा पहुँचवाला कर्मचारीहरूले संघीय मन्त्रालयको आदेश अटेर गरेर पुरानै अड्डामै रजगज गरिरहेका छन्।

**शैलेन्द्र महतो**

जनकपुरधाम, १० वैशाख। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले माघ २ गते मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास कार्यालय, बारामा कार्यरत प्रमुख (राजपत्राङ्कित तृतीय श्रेणी) इन्जिनियर राजेन्द्र साहको सरुवा गरेको थियो। सहरी विकास मन्त्रालय अन्तर्गत उनको सरुवासम्बन्धी पत्रसहितको जानकारी सामान्य प्रशासन मन्त्रालयले गराउँदै मधेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई सूचित गरेको थियो। तर, इन्जिनियर साहले अझैसम्म रमाना बुझेका छैनन्। पूर्वाधार कार्यालय बाराकै प्रमुखको जिम्मेवारी सम्हालेर बसेका छन्। उनी वर्षौँदेखि सोही कार्यालयमा कार्यरत छन्।




यसैगरी, पूर्वाधार विकास कार्यालय रौतहटमा प्रमुखका रूपमा कार्यरत सिनियर डिभिजनल इन्जिनियर (राजपत्राङ्कित द्वितीय श्रेणी) दीपककुमार मिश्रको पनि माघ ४ गते सरुवा गरिएको थियो। सामान्य प्रशासन मन्त्रालयले उनलाई सहरी विकास मन्त्रालय वा अन्तर्गतका निकायमा सरुवा गर्दै मुख्यमन्त्री कार्यालयमा जानकारी गराएको थियो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले दुवै कर्मचारीलाई सम्बन्धित भौतिक पूर्वाधार मन्त्रालयमार्फत सरुवासम्बन्धी जानकारी गराएको छ र रमाना बुझ्न ताकेता गरेको छ। तर, दुवै कर्मचारी अझैसम्म कार्यालय प्रमुखकै जिम्मेवारीमा छन्, रमाना बुझेर जान मानेका छैनन्।

भौतिक पूर्वाधार मन्त्रालयका निमित्त सचिव सञ्जयकुमार

**-बाँकी तीन पेजमा**




**मानसिक स्वास्थ्यप्रति सचेत बनौं।**

मानसिक समस्याका लक्षणः

- निराश हुनु,
- तनाव तथा चिन्ता महशुस हुनु,
- बेलावेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,
- मानसिक समस्या निदानको लागिः
- नियमित व्यायाम गरौं,
- आ  ना भावना खुल्लारूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## पार्टीहरूले लेवी नलिने हो कि ?

प्रत्यक्षतर्फ निर्वाचित संसद् सदस्यहरूलाई आफ्नो संसदीय क्षेत्रका जनतासँग निरन्तर सम्पर्क र संवादमा रहनुपर्ने हुन्छ। विधायकी भूमिकाका अतिरिक्त उनीहरूले स्थानीय विकास पहलमा अगुवाइ गर्नुपर्छ र यदाकदा जनताका सानातिना काममा पनि समय दिनुपर्ने हुन्छ। यस दृष्टिले सांसदहरूले स्वकीय सचिवलगायत सचिवालय सञ्चालन खर्च राज्यसँग माग्नु अन्यथा होइन। तर देशको आर्थिक हैसियत भने त्यस्तो सुविधा सहजरूपमा वहन गर्नसक्ने अवस्थामा देखिँदैन।

सम्भवतः यही आर्थिक अवस्थालाई विचार गरेर अघिल्लो सरकारले संघीय र प्रदेश सभाका सांसदहरूले लिँदैआएको स्वकीय सचिवको सुविधा खारेज गरेको थियो। उक्त निर्णयलाई जनताले सकारात्मक रूपमा लिएका थिए भने राज्यको कोषको उल्लेख्य रकम जोगिएको थियो। तर संघमा नयाँ सरकार बनेपछि पुनः स्वकीय सचिवको सुविधा बिउँताउने प्रयास भएको संकेत देखिएको छ।

विगतमा स्वकीय सचिवको सुविधाको प्रयोग उद्देश्यअनुरूप नभएको अनुभव स्वयं सांसदहरूबाटै व्यक्त हुँदै आएको छ। सुविधाभोगीको छवि लाग्ने डरका कारण पनि अहिले यस विषयमा खुलेर बोल्ने अवस्था देखिँदैन। यद्यपि सत्ता र विपक्ष दुवैतिरका सांसदहरू यस सुविधाको पुनः अपेक्षामा रहेको अनुमान गर्न गाह्रो छैन। सुविधा पुनः सुरु गरियो भने सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तुलनात्मक रूपमा बढी लाभान्वित हुने देखिन्छ। सम्भवतः यही कारण सत्तापक्षले विपक्षी दलहरूले माग अघि सारून् भन्ने र विपक्षीहरूले सत्तापक्षले नै निर्णय गरोस् भन्ने मनोदशामा रहेको आभास हुन्छ।

नेपालमा संघमा १६५ र प्रदेश सभामा ३३० गरी कुल ४९५ प्रत्यक्ष निर्वाचित सांसद छन्। संघीय संसद्मा समानुपातिकतर्फबाट थप १६९ सदस्य छन् भने राष्ट्रिय सभामा ५९ सदस्य रहन्छन्। यसरी संघीयता लागु भएपछि प्रतिनिधित्वको संरचना उल्लेख्य रूपमा विस्तार भएको छ। संघीय संसद्मा ३३४ सदस्य र प्रदेश सभामा ५५० सदस्य गरी कुल ८८४ सांसद रहेको अवस्थामा करिब तीन करोड जनसंख्या भएको मुलुकमा औसत रूपमा करिब ३३ हजार नागरिकमा एक जना सांसद पर्ने देखिन्छ। यो सङ्ख्यासँगै पालिकास्तरमा पनि हजारौंका सङ्ख्यामा बेतनभोगी जनप्रतिनिधि छन्।

छिमेकी भारत, बङ्गलादेश वा बेलायतजस्ता देशमा एक सांसदले एक लाखभन्दा बढी नागरिकको प्रतिनिधित्व गर्छन्। अर्थात्, संघ र प्रदेश संरचना जोड्दा नेपालमा प्रतिनिधित्वको घनत्व निकै बढी देखिन्छ। यसले नेपालजस्तो सीमित स्रोतसाधन भएको मुलुकमा आर्थिक र प्रशासनिक बोझ बढाएको गुनासो बढाउँदै लगेको छ। हुन पनि प्रतिनिधित्वको अनुपात बढी हुनुमात्र लोकतान्त्रिक गुणस्तरको सूचक होइन। त्यसले शासनलाई नागरिकको नजिक ल्यायो कि ल्याएन, सेवा प्रवाह प्रभावकारी बनायो कि बनाएन र सार्वजनिक खर्चको औचित्य पुष्टि गर्‍यो कि गरेन भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ।

एकातिर अहिलेको संरचनाका लागि हुने खर्च धान्न नै राज्यलाई कठिनाइ भइरहेको छ। अर्कातिर स्वकीय सचिवलगायतका सुविधा पुनः सुरु गरिए राज्यको ढुकुटीमा थप बोझ पर्नेछ र यसले व्यवस्थाप्रति जनताको वितृष्णा बढाउन सक्छ। तर सांसदहरूले पाउने हालको सुविधाले उनीहरूको हैसियतअनुसारको कार्यसम्पादन र जीवनयापन सम्भव छ कि छैन भन्ने प्रश्न पनि उत्तिकै संवेदनशील छ। नेपालजस्तै राजनीतिक व्यवस्था भएका अन्य देशहरूमा पनि पार्टीहरूले सांसदलगायत निर्वाचित प्रतिनिधिबाट नियमित योगदान (लेवी) लिने प्रचलन छ। तर ती देशहरूमा यसको प्रतिशत, उद्देश्य र लेखापरीक्षण पारदर्शी हुन्छ भने नेपालमा यसको संस्थागत आधार अझै कमजोर देखिन्छ।

सत्तामा पुगेकाहरूले राज्यको ढुकुटीको अत्यधिक दोहन गरेको भन्ने आक्रोश नै पछिल्ला युवा आन्दोलनहरूको एउटा प्रमुख कारण बनेको स्मरण गर्दै कम्तीमा यस संसद्ले स्वकीय सचिवलगायतका अतिरिक्त सुविधा विस्तार नगर्ने संयम देखाउनु उपयुक्त हुनेछ। प्रतिनिधि सभाका सदस्यलाई नदिइएको सुविधा प्रदेश सभा र राष्ट्रिय सभाका सदस्यहरूले पनि नखोज्ने अपेक्षा गर्न सकिन्छ। यसैले पार्टी नेतृत्वले सांसदहरूको कार्यसम्पादन सहज बनाउन उनीहरूबाट उठाइने लेवी घटाउने वा नलिने विषयमा ध्यान दिनु उपयुक्त हुनेछ। यसै पनि नेपालमा पार्टीहरू शीर्ष नेताको बपौती बन्दै त आएको छ!

# नेपालको शिक्षाले विश्व अनुभवबाट के सिक्ने ?



डा. निर्मल घिमिरे

नेपालको शिक्षा प्रणाली महत्त्वपूर्ण दोबाटोमा उभिएको छ। विगत केही दशकमा हामीले उल्लेख्य प्रगति गरेका छौं। विद्यालय पुगेका बालबालिकाको संख्या बढेको छ। माध्यमिक तहसम्मको पहुँच विस्तार भएको छ तथा शिक्षाको महत्वबारे सामाजिक चेतना पनि पहिलेभन्दा उच्च छ। तर यति मात्रले शिक्षा प्रणाली सफल भएको मान्न सकिँदैन। प्रश्न विद्यालयमा कति जना पुगे भन्ने होइन। प्रश्न के हो भने– विद्यार्थीले विद्यालयमा के सिकिरहेका छन् ? शिक्षा उनीहरूको जीवन, रोजगारी र भविष्यसँग कसरी जोडिएको छ ?

नेपालमा शिक्षा सुधारबारे धेरै काम भएको छ। नीति आयो, आयोग बने, योजना बनाइए, परियोजना चलाइए तथापि अपेक्षित परिणाम आउन सकेन। किन ? यसको उत्तर खोज्न नेपालले अब आफ्नै सीमाभित्र रहेर मात्रै होइन, विश्वका अनुभवबाट सिक्नुपर्छ। तर यहाँ ध्यान दिनु पर्ने महत्त्वपूर्ण विषय के हो भने कुनै पनि देशको नतिजा राम्रो देखियो भन्दैमा त्यसको एउटा कार्यक्रम नक्कल गरेर हाम्रो समस्या समाधान हुने छैन।

आउनुस् विश्वका केही उत्कृष्ट उदाहरणहरू हेरौं।

**सुब्रालको पाठ**

ब्राजिलको सिआरा राज्यभित्र पर्ने सुब्राल नामक नगरपालिका शिक्षा सुधारको विश्व चर्चित उदाहरण हो। एक समय निकै कमजोर प्रदर्शन गर्ने यो नगरपालिका केही वर्षमै ब्राजिलकै उत्कृष्ट मध्ये पर्‍यो। यसको रहस्य के थियो ? न त कुनै चमत्कारी प्रविधि, न पाठ्यक्रम परिवर्तन, न ठुलो भवन निर्माण तर पनि यसले निकै ठुलो उदाहरण प्रस्तुत गर्‍यो। यसको मूल कारण थियो– राजनीतिक हस्तक्षेपबाट विद्यालय जोगाउने, सक्षम नेतृत्वको चयन। र सबै विद्यालयलाई स्पष्ट सिकाइ लक्ष्यमा केन्द्रित गर्ने शासन प्रणाली।

सुब्रालले एउटा महत्त्वपूर्ण निर्णय गर्‍यो, विद्यालय प्रमुखलाई राजनीतिक पहुँचका आधारमा होइन, योग्यता र उत्तरदायित्वका आधारमा चयन गर्ने। साथै आरम्भिक कक्षामै सबै बालबालिकाले पढ्न सिक्नै पर्छ भन्ने स्पष्ट लक्ष्य तय गर्‍यो। नियमित मूल्यांकनलाई दण्डको साधन होइन, सुधारको साधन बनाइयो। यसले शिक्षक, प्रधानाध्यापक र स्थानीय निकायबिच सिकाइ केन्द्रित संस्कृतिको विकास गर्‍यो।

नेपालले यहाँबाट स्पष्ट शिक्षा लिन सक्छ। शिक्षामा लगानी भन्दा ज्यादा शासन सुधारको नीतिगत निर्णय महत्त्वपूर्ण हुन्छ भन्ने। यदि विद्यालय नेतृत्व दलीय, व्यक्तिगत वा स्थानीय शक्ति सन्तुलनको कब्जामा रहयो भने बजेट बढेर पनि सिकाइको गुणस्तर बढ्न सक्दैन।

**भियतनामको अनुभव**

भियतनामलाई धेरैले शिक्षामा चमत्कार गर्ने मुलुकका रुपमा चिन्छन्। न्युन आय भएको देश भएर पनि उसले अन्तर्राष्ट्रिय परीक्षणहरूमा सम्पन्न मुलुकहरूलाई समेत उछिनेको छ। यसको श्रेय आंशिक रूपमा विद्यार्थीको अनुशासन, अभिभावकको अपेक्षा, शिक्षक निगरानी, पूर्वप्राथमिक लगानी र संस्थागत निरन्तरतामा जान्छ।

अन्तर्राष्ट्रिय परीक्षणहरूमा समेटिने विद्यार्थी सबै बालबालिका हुँदैनन्। विद्यालयमा रहेका निश्चित आयु समूहका विद्यार्थी मात्र त्यहाँ पर्छन्। यदि ठुलो संख्या विद्यालयबाहिरै छ भने उच्च नतिजाले सम्पूर्ण पुस्ताको अवस्था झल्काउँदैन। त्यसैले राम्रो अंक देखियो भन्दैमा कुनै देशको शिक्षा प्रणाली पूर्ण रूपमा सफल छ भन्न मिल्दैन। नेपालले भियतनामबाट सिक्नुपर्ने त्यहाँको संस्कृति भन्दा बढी संस्थागत विकासको कथा हो। अभिभावकको उच्च अपेक्षा कानुन मात्रैले प्राप्ती गर्न सक्दैन। तर पूर्वप्राथमिक शिक्षा, नियमित शिक्षक, विद्यालय निगरानी र राज्यको कार्यक्षमतालाई भने नीतिबाट तय गर्न सकिन्छ।

**केन्याको तुसोमे**

केन्याको तुसोमे कार्यक्रम प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ सुधारका लागि विश्वमै सफल कार्यक्रममध्ये एक मानिन्छ। यसको विशेषता के छ भने यो सानो पाइलटमा सीमित रहेन, मन्त्रालयकै संरचनाभित्र बसेर राष्ट्रिय स्तरमा फैलियो। तुसोमेले शिक्षकलाई केवल तालिम दिएर छोडेन। उसले शिक्षकलाई स्पष्ट पाठ योजनासहितका संरचित मार्गदर्शिका दियो। विद्यालय भ्रमण गर्ने प्राविधिक अधिकारीलाई डिजिटल उपकरण दियो, जसले उनीहरू वास्तविक रूपमा कक्षाकोठामा पुगे कि पुगेनन् भन्ने देखायो। यसले 'रिपोर्टका लागि निरीक्षण' होइन पढाइ सुधारका लागि सहयोग सम्भव बनायो।

नेपालमा पनि पाठ्यक्रम, सीप, मूल्यांकन, दक्षता जस्ता शब्द धेरै प्रयोग हुन्छन्। तर कक्षाकोठामा शिक्षकलाई दिनदिनै के गर्ने भन्ने व्यावहारिक साथ छैन भने नीति कागजमै सीमित रहन्छ। कमजोर सिकाइ भएका विद्यालयमा शिक्षकलाई संरचित सहयोग, सरल सामग्री, नियमित प्रतिपुष्टि र कक्षाकोठा–आधारित समर्थन अत्यावश्यक हुन्छ।

**एस्टोनिया र सिंगापुर**

विश्वका उत्कृष्ट शिक्षा प्रणालीको चर्चा गर्दा एस्टोनिया र सिंगापुरको नाम अनिवार्य रूपमा आउँछ। यी देशमा शिक्षकको सामाजिक प्रतिष्ठा उच्च छ। छनोट कडा छ। तयारी बलियो छ। र, प्रणालीमा विश्वास पनि गहिरो छ। त्यहाँ शिक्षकलाई पर्याप्त स्वायत्तता दिइन्छ। धेरैले सोच्छन् शिक्षकलाई स्वतन्त्रता दिएपछि गुणस्तर बढ्छ। वास्तवमा उच्च क्षमता भएपछि मात्र उच्च स्वायत्तता फलदायी हुन्छ। प्रारम्भिक तयारी कमजोर, पेशागत समर्थन न्यून, उत्तरदायित्व अस्पष्ट र कक्षाकोठामा असमानता बढी भएको सन्दर्भमा असीमित स्वायत्तताले प्रायः कमजोर विद्यार्थीलाई अझ पछाडि धकेल्न सक्छ।

नेपालले एस्टोनिया वा सिंगापुरको पूरा मोडेल आजकै अवस्थामा उतार्न सक्दैन। तर तिनले दिएको एउटा महत्त्वपूर्ण पाठ हामी तुरुन्त लागू गर्न सक्छौं। त्यो हो– समतामूलक समर्थन। गरिब विद्यार्थीका लागि निःशुल्क शैक्षिक सामग्री, पोषण, स्वास्थ्य, भाषा समर्थन, र विशेष आवश्यकताका सेवाहरू बिना गुणस्तरको कुरा अधूरो हुन्छ।

**उमेर होइन, सिकाइको स्तर हेरौं**

भारतबाट सुरु भएको 'टिचिङ एट द राइट लेभल' मोडेलले अत्यन्त सरल तर शक्तिशाली सत्य देखायो। एउटै कक्षामा बसेका सबै बालबालिका सिकाइको एउटै स्तरमा हुँदैनन्। तर हाम्रो विद्यालय प्रणालीले सबैलाई एउटै पाठ, एउटै गतिमा, एउटै अपेक्षासहित पढाउन खोज्छ। परिणामस्वरूप, कमजोर आधार भएका विद्यार्थी वर्षौंदेखि झन् पछि पर्दै जान्छन्।

यो मोडेलले उमेर वा कक्षाभन्दा बालबालिकाको वास्तविक पढ्ने–लेख्ने–गन्ने क्षमताका आधारमा समूह बनाउँछ। आधारभूत सीपमा केन्द्रित, खेलमुखी र अन्तरक्रियात्मक विधिबाट छोटो अवधिमै सिकाइमा ठुलो सुधार ल्याउन सकिन्छ भन्ने प्रमाण यसले दिएको छ। कम लागत, उच्च प्रभाव र ग्रामीण तथा विपन्न समुदायमा विशेष उपयोगी हुने भएकाले यो मोडेल नेपालका लागि अत्यन्त सान्दर्भिक देखिन्छ।

नेपालमा माध्यमिक तहको सुधारबारे धेरै चर्चा हुन्छ, तर वास्तविक संकट त प्रारम्भिक सिकाइमै छ। कक्षा ३, ४, ५ सम्म आइपुग्दा पनि राम्रोसँग पढ्न नसक्ने विद्यार्थीलाई पछि विज्ञान, गणित, सामाजिक शिक्षा वा जीवनोपयोगी सीप सिकाउने आशा गर्नु भ्रम हो।

**बंगलादेशतर्फ हेरौं**

नेपालका धेरै युवामा एउटा साझा गुनासो छ– विद्यालय र कलेजले जीवन वा रोजगारीका लागि उपयोगी तयारी दिएन। यही समस्यामा बंगलादेशको माध्यमिक शिक्षा सुधार उपयोगी पाठ दिन्छ। त्यहाँ माध्यमिक तहमा पहुँच विस्तारसँगै गरिब विद्यार्थीका लागि छात्रवृत्ति, विद्यालय विस्तार, विज्ञान–गणित–भाषाजस्ता विषयमा स्रोत शिक्षक, र प्राविधिक तथा पूर्व–व्यावसायिक विकल्पहरू थप्ने प्रयास गरिएको थियो।

नेपालमा पनि सबै विद्यार्थी एउटै शैक्षिक बाटोबाट जानुपर्छ भन्ने सोच कमजोर हुँदै गएको छ। धेरै विद्यार्थीलाई विद्यालयपछि तुरुन्तै काम, सीप, उद्यम वा प्राविधिक अवसर चाहिन्छ। त्यसैले माध्यमिक शिक्षा विश्वविद्यालय प्रवेशको मात्र तयारी नभई जीवन र कामको तयारी पनि हुनुपर्छ।

**असफलताबाट सिकौं**

विश्वका असफल शिक्षा सुधारबाट नेपालले अझ धेरै सिक्न सक्छ। धेरै देशमा प्रविधि वितरणलाई शिक्षा सुधारको साँचोका रूपमा बेचियो। 'वन ल्यापटप वन चाइल्ड' जस्ता कार्यक्रमले लाखौं उपकरण बाँडे। तर शिक्षकले त्यसलाई शिक्षणसँग जोड्ने नसकेको देखियो। उपकरण बिग्रिए, चार्ज गर्ने पूर्वाधार भएन, मर्मत भएन र कार्यक्रम महँगो बोझ बन्यो।

नेपालले यसबाट स्पष्ट सन्देश लिनुपर्छ– हार्डवेयर होइन, शिक्षण प्रक्रिया महत्त्वपूर्ण हो। शिक्षकको भूमिका, सामग्री, कक्षाकोठा अभ्यास, भाषा, मूल्यांकन र समर्थन प्रणाली बदलिनु बिना ल्यापटप, ट्याब, स्मार्टबोर्ड वा एप मात्रले शिक्षा बदलिँदैन।

त्यस्तै, शिक्षकलाई बोनस दिँदा मात्र सिकाइ बढ्छ भन्ने धारणा पनि धेरै सन्दर्भमा कमजोर सावित भएको छ। यदि कक्षाकोठामा पुस्तक छैन, सहयोग छैन, मूल्यांकन विकृत छ र प्रणाली दण्डमुखी छ भने प्रोत्साहनको यस्तो मोडेलले कहिलेकाहीँ उल्टै कमजोर विद्यार्थीलाई किनारामा धकेल्ने जोखिम बढाउँछ भन्ने सिकाएको छ।

**नेपाललाई 'एभिडेन्स ल्याब' चाहिन्छ**

नेपालमा शिक्षा क्षेत्रमा धेरै वर्षदेखि बाह्य परियोजना, दातृ निकाय, पाइलट कार्यक्रम र विखण्डित हस्तक्षेप चल्दै आएका छन्। समस्या के हो भने एउटा परियोजना सकिन्छ, अर्को सुरु हुन्छ। तर प्रणालीले स्थायी रूपमा के सिकायो भन्ने स्पष्ट हुँदैन।

पेरुको मिनेदु ल्याब जस्तो मोडेल यहाँ प्रेरणादायी हुन सक्छ। शिक्षा मन्त्रालयभित्रै सानो तर सक्षम इकाइ बनाएर कम लागतमा नवप्रवर्तनको, डेटाको काम गर्न सकिन्छ। यसले विद्यार्थीमा सिकाईको राम्रो गुणस्तर विकास गर्न सक्छ। यस्तो प्रणालीले नीतिलाई अनुमान, प्रभाव वा राजनीतिक भाषणमा होइन, तथ्य र शिपमा आधारित बनाउँछ।

नेपालमा पनि शिक्षा मन्त्रालय वा सम्बन्धित निकायभित्र 'एभिडेन्स–टु–पोलिसी' इकाइ निर्माण गरेर यसलाई अघि बढाउन

–बाँकी तीन पेजमा

### नेपालको शिक्षाले ...

सकिन्छ। यसले साना तर प्रभावकारी हस्तक्षेप जस्तै शिक्षकलाई समयमै जानकारी पठाउने, विद्यालय सुधारका लागि सूचनामूलक सन्देश, अभिभावक संलग्नता मोडेल वा स्थानीय समर्थन व्यवस्थाको परीक्षण गर्न सकिन्छ।

**नेपालको प्राथमिकता के ?**

विश्वका अनुभवले नेपालका लागि चार मुख्य प्राथमिकता स्पष्ट गर्छन्। पहिलो, प्रारम्भिक कक्षाको सिकाइ संकट समाधान नगरी माथिल्ला सुधार टिकाउ हुँदैनन्। कक्षा ३–५ का लागि स्तरअनुसारका सिकाइ जस्तो मोडेलहरुको तत्काल आवश्यकता छ। दोस्रो, शिक्षा प्रशासन र विद्यालय नेतृत्वलाई योग्यता, उत्तरदायित्व र नतिजासँग जोड्नुपर्छ। राजनीतिक संरक्षणमा आधारित नेतृत्वले शिक्षा सुधारलाई कमजोर बनाउँछ। तेस्रो, प्रविधि वा नारा होइन, शिक्षकको दैनिक शिक्षण अभ्यास सुधारमा लगानी गर्नुपर्छ। संरचित मार्गदर्शन, सहयोगी निरीक्षण, र डेटा–आधारित व्यावसायिक विकास आवश्यक छ ।

चौथो, प्रत्येक नयाँ सुधारलाई पहिले परीक्षण, त्यसपछि मात्र विस्तार गर्ने संस्कृतिको विकास गर्नुपर्छ। अनुमानमा होइन, प्रमाणमा आधारित नीति बनाउनुपर्छ। नेपालको शिक्षा सुधारको मूल प्रश्न अब कति परियोजना लागू गरियो भन्ने होइन। प्रश्न के हामीले कक्षाकोठामा सिकाइको वास्तविकता बदल्यौं भन्ने हो ।

यदि बदल्न चाहन्छौं भने, विश्वका सफल र असफल दुवै अनुभवले एउटै कुरा भन्छन्– शिक्षा सुधार भाषण, भवन र बजेटबाट मात्र हुँदैन। सिकाइ, शासन, शिक्षकलाई समर्थन र प्रमाणमा आधारित निर्णय प्रक्रियाबाट हुन्छ। त्यसैले अब नेपालको शिक्षा प्रणालीलाई बदल्ने बेला आएको छ। (घिमिरे नर्थ क्यारोलिना विश्वविद्यालय, विल्मिङ्टनमा सहप्राध्यापक छन्।) रातोपाटीबाट

### सरुवा र काज...

साहका अनुसार मुख्यमन्त्री कार्यालयबाट सरुवाको जानकारी प्राप्त हुनासाथ सम्बन्धित कर्मचारीलाई रमाना बुझ्न पत्राचार गरिसकिएको छ। 'मन्त्रालयले सम्बन्धित कर्मचारीलाई पत्र लेखेर जानकारी दिँदै रमाना बुझ्न भनेको छ, तर उहाँहरूले अहिलेसम्म रमाना बुझ्नुभएको छैन,' उनले भने। यी दुई कर्मचारी मात्र होइनन्, यसै मन्त्रालय मातहतका अन्य कर्मचारी पनि सरुवा नमान्ने सूचीमा छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पुस २८ गते आठ जना इन्जिनियरको सरुवा गरेको थियो। सरुवा हुने नामावलीमा मन्त्रालयका इन्जिनियरहरू वीरेन्द्रप्रसाद साह, सञ्जीवकुमार साह, लालबाबु राय, रामबाबु प्रसाद, रिम्पुकुमारी यादव, अनन्तकुमार राउत, रामसागर मण्डल र गुलाबु साहु छन्।

उनीहरूको सरुवासम्बन्धी जानकारी मुख्यमन्त्री कार्यालयमार्फत भौतिक पूर्वाधार विकास कार्यालयहरूलाई पठाइएको छ। तर उनीहरूले समेत अहिलेसम्म रमाना बुझेका छैनन्। 'सम्बन्धित कार्यालयहरूमा रमाना प्रक्रिया अघि बढाउन हामीले पत्र पठाइसकेका छौं, तर उहाँहरूले अझैसम्म रमाना लिनुभएको छैन,' उनले भने। कार्यालय स्रोतका अनुसार मुख्यमन्त्री कृष्णप्रसाद यादवको मौखिक निर्देशनमा चालु आर्थिक वर्षको असार मसान्तसम्म सरुवा भइसकेका कर्मचारीलाई नै निरन्तरता दिन खोजिएको छ।

यो मन्त्रालयभन्दा भिन्न छैन मधेश सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतका चिकित्सक कर्मचारीको अवस्था। मधेशको स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रका प्रमुख डा. राजीवकुमार झाको काज संघीय सरकारले चैत २२ गते फिर्ता गर्‍यो। वरिष्ठ कन्सल्टेन्ट मेडिकल जनरलिस्ट ( दसौँ तह) डा. झालाई नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उनको दरबन्दी रहेको कोसी अस्पताल, विराटनगरमा काज फिर्ता गरेको हो।

यसबारे मधेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सम्बन्धित स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई जानकारी गराइसकेको छ। तर, मङ्गलबारसम्म पनि डा. झाले रमाना बुझेका छैनन्। उनी स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रसँगै जनस्वास्थ्य प्रयोगशालाको पनि प्रमुखको जिम्मेवारीमा छन्। स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवले डा. झाको काज फिर्तासम्बन्धी पत्र मन्त्रालयमा नआएको बताए। 'अहिलेसम्म काज फिर्ताको पत्र आएको छैन, आएपछि सोहीअनुसार कार्यान्वयन हुन्छ,' उनले भने।

यति मात्र होइन, संघीय सरकारअन्तर्गत स्वास्थ्यतर्फका कन्सल्टेन्ट फिजिसियन (दसौँ तह) तथा लहान प्रादेशिक अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. रञ्जित झाको दरबन्दी भएको वीर अस्पतालमा सरुवा भइसकेको छ। प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत वरिष्ठ कन्सल्टेन्ट ग्यास्ट्रोइन्टेरोलोजिस्ट डा. रामदेव चौधरीलाई दरबन्दी रहेको कोसी अस्पतालमा सरुवा गरिएको छ। तर, यी दुवैले पनि अझैसम्म रमाना नबुझेको मन्त्रालयले जनाएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मधेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयअन्तर्गत रौतहटको पर्यटन कार्यालयमा कार्यरत राजपत्राङ्कित तृतीय श्रेणीका इन्जिनियर कमलेशकुमार मिश्रको गत चैत २४ गते सरुवा गरेको थियो। उनको जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बुमा सरुवा भएको हो। तर, उनले पनि अझैसम्म रमाना बुझेका छैनन्। मन्त्रालयका सचिव जयकुमार घिमिरेका अनुसार इन्जिनियर मिश्र रमाना बुझ्ने प्रक्रियामा छन्। 'उहाँ रमाना बुझ्ने प्रक्रियामा हुनुहुन्छ,' सचिव घिमिरेले भने।

मधेशमा उपल्लो तहका तथा पहुँच भएका कर्मचारीहरूले सरुवा सहजै नमान्ने, रमाना लिन आनाकानी गर्ने र पुनः आफूलाई अनुकूल पर्ने स्थानमै बस्न खोज्ने पुरानै प्रवृत्ति छ। त्यसका लागि मुख्यमन्त्रीदेखि मन्त्रीलाई रिझाउनुका साथै आवश्यक पर्ने सबै उपाय अपनाउन पनि पछि नपर्ने देखिन्छ। नयाँ सरकार बनेसँगै यस्तो अभ्यास रोकिने अपेक्षा रहे पनि वालेन्द्र शाह नेतृत्वको सरकारले गरेको सरुवा तथा काज फिर्ता निर्णयसमेत मधेशमा अटेर हुने गरेको पछिल्ला यी घटनाहरू उदाहरण हुन्।

नेपाल सरकार मात्र होइन, मधेश सरकारले गर्ने आफ्ना कर्मचारीको सरुवामा पनि त्यही रोग छ। सरुवा र काज फिर्ता पहुँचवाला कर्मचारीले मान्दैनन्। पहुँच नभएका र मन्त्रीका कुरा नमान्ने कर्मचारीलाई जिम्मेवारीविहीन राख्ने, असम्बन्धित कर्मचारीलाई जिम्मेवारी दिने, सरुवामा समस्या सिर्जना गर्ने कैयौँ घटना बाहिरिसकेका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता, उपसचिव रोहित कोइरालाका अनुसार संघीय सरकारले सरुवा गरेका तथा काज फिर्ता गरेका कर्मचारीबारे सम्बन्धित मन्त्रालयहरूलाई पत्राचार गर्ने गरिएको छ।

'संघीय सरकारबाट प्राप्त पत्रका आधारमा मुख्यमन्त्री कार्यालयले सम्बन्धित मन्त्रालयलाई पत्र पठाएर कार्यान्वयनका लागि जानकारी गराउने र ताकेता गर्ने काम हुँदै आएको छ,' उनले भने, 'तर पछिल्ला १२ जना कर्मचारीको हकमा के भयो भन्नेबारे अहिलेसम्म कुनै मन्त्रालयबाट जानकारी आएको छैन।' धेशमा काम गर्नेभन्दा मुख्यमन्त्री र मन्त्रीका अघिपछि लाग्ने र उनीहरूको स्वार्थअनुसार काम गरिदिने कर्मचारीको रजगज छ। त्यहीअनुसार व्यक्तिहरूको अनुकूलतामा कार्यालय ताकेर कर्मचारीको व्यवस्थापन गर्ने गरिएको छ।

### सिरहा कारागारमा...

२०८१ मा कारागारभित्र प्रतिबन्धित लागुऔषध बिक्री वितरण र सेवन हुने गरेको घटना बाहिर आएको थियो। त्यसपछि छानबिन समिति गठन गरी २०८२ माघमा प्रतिवेदन बुझाइए पनि हालसम्म सार्वजनिक गरिएको छैन ।

समितिले प्रतिबन्धित सामग्री नियन्त्रण, आर्थिक पारदर्शिता र प्रशासनिक सुधारसम्बन्धी सुझाव दिएको भनिए पनि बेवास्ता गरिएको स्रोत बताउँछ। प्रशासन भने उक्त प्रतिवेदन कमजोर रहेको भन्दै सार्वजनिक नगरेको दाबी गर्छ। सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार, विगतको प्रतिवेदनमा सार्थक कुरा नभएकाले सार्वजनिक गर्न उपयुक्त ठानिएन।

कारागारलाई भित्रैबाट कब्जामा लिएर थुनुवाकै समूहले चलाउने गरेको प्रमुख जिल्ला अधिकारी पौडेल स्वीकार्छन्। सोमबारको घटनाबारे उनी भन्छन्, 'करिब दुई वर्षदेखि कारागारलाई भित्रैबाट कब्जामा लिएर थुनुवाकै एउटा समूहले आफ्नो तरिकाले चलायो। कारागारको जीर्ण अवस्थालाई प्रशासनले बेलैमा हस्तक्षेप गर्नुपर्थ्यो। हस्तक्षेप गर्न नसकेका कारण घटना हुन पुग्यो।'

विगतदेखि नै कैदीबन्दीमा हामी नै सर्वेसर्वा हौं भन्ने भावनाले काम गरेको र अहिलेको घटना पनि त्यसकै उपज भएको उनको भनाइ छ। 'कारागारमा पसिसकेपछि यो सबै हाम्रो नियन्त्रणमा हुनुपर्छ भन्ने भावना कैदीमा सिर्जना भयो। जसका कारण यस्ता घटना दोहोरिइरहेका हुन्,' प्रजिअ पौडेलले भने। अहिले भने कानुनविपरीतका कैदीबन्दीका क्रियाकलाप विरुद्ध प्रशासनले कदम चालेको उनको दाबी छ। 'अहिले हामी मौन बसेका छैनौं। हामीले निर्वाचनअघि सर्च अप्रेसन गरेर कारागार कब्जामा लिने समूहलाई नियन्त्रणमा लियौं। खानतलासी गर्दा एउटा पेस्तोल भेटियो,' उनले भने, 'पहिलादेखि कारागार कब्जा गर्ने समूहका केही व्यक्ति अहिले पनि त्यहाँ रहेकोले तिनीहरू पुनः सल्बलाएका रहेछन्। अब त्यस्ता घटना दोहोरिन नदिन निगरानी गर्दैछौं।

कारागार प्रशासनले कैदीबन्दीका गतिविधिलाई निगरानी गर्न नसकेको उनले स्वीकारे। 'निगरानी हुन नसकेकै कारण यसपालि पनि घटना हुन गयो। घटना हुनुअघि प्रशासनले थाहा पाउनुपर्छ। यो स्थिति आउन दिनु हुँदैनथ्यो,' पौडेलले भने। कारागारभित्र छुट्टै अनौपचारिक प्रशासन सञ्चालनमा रहेको र त्यो प्रशासनमा चौकीदार, नाइके र भाइ–नाइकेहरूमध्ये कसले राज गर्ने भन्ने विषयमा झगडा हुने गरेको आरोप लाग्दै आएको छ। अवैध असुली, सामानमा चर्को मूल्य र चाडपर्वको नाममा उठाइने रकम नै यस्ता द्वन्द्वको मुख्य कारण हुन्। जसका लागि कैदीहरूले आफ्ना समूह बनाउँछन् र झडपहरू भइरहन्छन्।

चाडपर्व तथा मेला–महोत्सवको नाममा कैदीबन्दीसँग गरिने अवैध असुली, आवश्यक लत्ताकपडा लगायतका सामग्री कारागारभित्रै महँगोमा किन्नुपर्ने बाध्यता, अवैध लागुऔषधको कारोबार तथा कारागारभित्रै कटुवा पेस्तोल र गोली भेटिनु जस्ता घटनाले सिरहा कारागार विवादित बन्दै आएको छ कारागार जस्तो संवेदनशील र कडा सुरक्षा घेरामा रहेको स्थानमा हतियार र लागुऔषध कसरी पुग्छन् भन्ने प्रश्न अनुत्तरित छ।

कारागारभित्रका झडपहरू व्यक्तिगत नभई शक्ति नियन्त्रणको संघर्ष भएको जानकारहरू बताउँछन्। 'एकपटक नाइके बनेपछि छोटो समयमै ठूलो रकम आर्जन हुन्छ। त्यसको बाँडफाँट र नयाँ शक्ति उदयले विवाद बढाउँछ,' कारागार स्रोत भन्छ, 'कतिपय अवस्थामा कारागार प्रशासन र सुरक्षा निकायबीचको असहमति पनि झडपको कारण बन्ने गर्छ। प्रशासन र सुरक्षा निकायको सहमति बिना कुनै समूहले अर्को समूहमाथि आक्रमण गर्न सक्दैन।'

बारम्बार हुने घटनाहरूले कारागार प्रशासन र सुरक्षा निकायको संलग्नताको आशंकालाई थप बल पुर्‍याएको छ सिरहा कारागारको समस्या व्यक्तिगत विवादभन्दा माथि उठेर संरचनागत कमजोरी, पारदर्शिताको अभाव र कमजोर अनुगमन प्रणालीसँग जोडिएको देखिन्छ। १५० जनाको क्षमता भएको कारागारमा हाल ४१० जना कैदी रहेको तथ्यले पनि व्यवस्थापनमा थप चुनौती सिर्जना गरेको छ। सुधार गृहको उद्देश्य पुनःस्थापित गर्न निष्पक्ष व्यवस्थापन, कडा सुरक्षा, आर्थिक पारदर्शिता र प्रभावकारी अनुगमन अत्यावश्यक देखिन्छ।

# प्रमुखविरूद्ध भ्रष्टाचार मुद्दा : डेढ करोड अवैध आर्जन गरेको आरोप

काठमाडौं, १० बैशाख। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय कलैया, बाराका निमित्त कार्यालय प्रमुख किशोरी प्रसाद यादवविरुद्ध गैर कानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ। सार्वजनिक पदमा रहँदा पदीय दुरुपयोग गरी १ करोड ४६ लाख ८१ हजार २२५ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत खुलाउन नसकेपछि आयोगले उनीमाथि भ्रष्टाचारको आरोप लगाएको हो।

अख्तियारले यादवको सेवा प्रवेश मिति २०४७ असार ३१ देखि २०८० पुस २९ गतेसम्मको अवधिमा भएको आय–व्ययको सूक्ष्म अनुसन्धान गरेको थियो।

सो अवधिमा यादव र उनको परिवारले कानुनी रूपमा ३ करोड ४६ लाख २१ हजार ४०१ रुपैयाँ आम्दानी गरेको देखिएको छ। तर, सोही अवधिमा उनको जग्गा खरिद, घर निर्माण, सेयर लगानी र सवारी साधन लगायतका शीर्षकमा भएको खर्च भने ४ करोड ९३ लाख २ हजार ६२६ रुपैयाँ भेटिएको छ। यसरी वैध आम्दानी र वास्तविक खर्चको तुलना गर्दा स्रोत नखुलेको १ करोड ४६ लाखभन्दा बढीको सम्पत्ति अवैध देखिएको आयोगको ठहर छ। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार यादवले पेस गरेको सम्पत्ति विवरण र उनको वास्तविक जीवनशैलीबिच अस्वाभाविक अन्तर देखिएको छ ।

अनुसन्धानका क्रममा यादवले गैर कानुनी रूपमा आर्जन गरेको सम्पत्ति लुकाउन आफ्नी श्रीमती निर्मला कुमारीको नाममा समेत लगानी गरेको भेटिएको छ। त्यसैले, अवैध सम्पत्ति जफत गर्ने प्रयोजनका लागि अख्तियारले उनकी श्रीमतीलाई पनि प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको हो। आयोगले यादवमाथि बिगो बमोजिमको जरिवाना र जेल सजायको मागदाबी गरेको छ। यो मुद्दाले बारामा सरकारी सेवामा रहेर अस्वाभाविक सम्पत्ति जोड्ने अन्य कर्मचारीहरूमा समेत त्रास पैदा गरिदिएको छ।

# व्यवसायी शेखर गोल्छा नक्सालबाट पक्राउ



काठमाडौं, १० वैशाख। व्यवसायी शेखर गोल्छा धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतको कसुरमा पक्राउ पर्नुभएको छ। हिमालयन रिइन्स्योरेन्स लिमिटेडका तत्कालीन अध्यक्षसमेत रहनुभएका गोल्छालाई बिहीबार साँझ पक्राउ गरिएको नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो। नेपाल धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन समेतको आधारमा काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. ८ बस्ने हुलासचन्द्र गोल्छाको छोरा शेखर गोल्छासमेतको मिलेमतोमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५ को उपदफा (१) र दफा ९८ बमोजिमको कसुरमा थप अनुसन्धान तथा कारवाहीका लागि पक्राउ गरिएको हो।

बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन, २०८३ ब्यूरोमा प्राप्त हुन आएको मिति २०८३ वैशाख १० गते काठमाडौं जिल्ला अदालत, बबरमहलबाट पक्राउ अनुमतिलिइ काठमाडौंको नक्सालबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। गोल्छा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्षसमेत हुनुहुन्छ।

# साइबर अपराध बढ्दो, सामाजिक सञ्जाल नेपालमा दर्ता नहुँदा अनुसन्धानमा ढिलाइ : आईजीपी कार्की

काठमाडौँ, १० बैशाख। प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले नेपालमा साइबर अपराध तीव्र गतिमा बढिरहेको बताउनुभएको छ। संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आजको बैठकमा आईजीपी कार्कीले इन्टरनेट र मोबाइलको बढ्दो प्रयोगसँगै यस्ता घटना वृद्धि भएको जानकारी दिनुभयो। विशेषगरी महिला र युवा धेरै प्रभावित भएका छन्।



अहिलेसम्मको तथ्याङ्क अनुसार फेक एकाउन्टबाट घृणा फैलाउने ४ हजारभन्दा धेरै निवेदन, बुलिङ र उत्पीडनका ३ हजारभन्दा धेरै घटना र वित्तीय अपराधका १० हजारभन्दा धेरै उजुरी प्रहरीमा दर्ता भएका छन्। आईजीपी कार्कीका अनुसार सामाजिक सञ्जाल प्लेटफर्म विदेशी कम्पनीद्वारा सञ्चालित भएकाले अनुसन्धानका लागि आवश्यक विवरण पाउन ठूलो चुनौती छ।

फेसबुक, इन्स्टाग्राम लगायत मेटाका प्लेटफर्म नेपालमा दर्ता नभएकाले प्रयोगकर्ता विवरण आउन २०-२५ दिन लाग्ने र अनुसन्धानमा ढिलो हुँदा पीडितले न्याय नपाउने अवस्था सिर्जना भएको उहाँले बताउनुभयो। अहिलेसम्म टिकटक, भाइबर, निम्बज, विटक र कपोकोलाइभ मात्र नेपालमा आधिकारिक रूपमा दर्ता भएका छन्। कार्कीले साइबर अपराध नियन्त्रणका लागि स्पष्ट कानूनी व्यवस्था गर्न र डिजिटल प्लेटफर्महरूलाई नेपालमा दर्ता गराउन माग गर्नुभयो।

# कर नीति सच्याउन माग

**विनय कर्ण**

सप्तरी, १० वैशाख। सरकारले भारतबाट एकसय रुपियाँभन्दा बढीको सामान ल्याउनुपर्ने नीतिलाई सच्याउन माग गर्दै सप्तरीको बेल्ही-कुनौली सिमामा एक घण्टा धर्ना दिइएको छ। बुधबार जनअधिकार पार्टीका अध्यक्ष डा. सरदसिंह यादव र उहाँका पार्टीका कार्यकर्ताहरु सँगै धर्नामा बसेका स्थानीयहरुले कर नीति सच्याएर सदियौँदेखि नेपाल-भारतबिच रहेको बटीरोटीको सम्बन्धलाई सम्मान गर्न माग गर्नुभएको हो। विदेशबाट त्रिभुवन विमानस्थलमा आउने नागरिक भैँ भारतबाट पनि सिमाक्षेत्रमा बसोबास गर्ने स्थानियहरुले घरायसी प्रयोजनका सामानहरु ल्याउन पाउनुपर्ने र सोका लागि सकारले करनीति परिवर्तन गर्न आवश्यक रहेको धर्नामा बस्नु भएका डा. यादवले बताउनुभयो।

उहाँले एक सय रुपियाँको अर्थ साठी रुपियाँ भारतीय भएको र त्यसले सिमाक्षेत्रका जनताले कुनैपनि सामान नै खरिद गर्न नसक्ने हुँदा दुई देशको सम्बन्धलाई मध्य नजर गर्दै व्यवहारिक हुने समय सुहाउँदो नीति सरकारले लागुपर्नेमा जोड दिनुभयो। "दुबैदेशबिच बेटी रोटीको सम्बन्ध छ, त्यसको सम्मान स्वरुप पनि सरकारले लागू गरेको यो नीतिमा परिवर्तन गरी सिमाक्षेत्रका जनताको जनजिवन सहज बनाउनु आवश्यक छ" डा. यादवले भन्नुभयो।

यस्तै, धर्नामामा बस्नुभएका सिमारक्षक नामले चर्चित तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर १ का देवनारायण यादवले सरकारले लागु गरेको भन्सार सम्बन्धि नयाँ नीतिले विशेष गरी नेपाल-भारत सिमाक्षेत्रमा बसोबास गर्ने सर्वसाधारण जनता मारमा परेको भन्दै निर्णय सच्याउन सरकारसँग माग गर्नुभयो। सोही वडा निवासी विजय यादवले सरकारले राजस्व वृद्धिका लागि ल्याएको नयाँ भन्सार नीति राम्रै भएपनि अहिलेको युगमा एकसय रुपियाँको सामान मात्र ल्याउन पाउनु अव्यवहारिक भएको बताउनुभयो।

उहाँले सरकारको यस्तो कदमबाट गरिब तथा विपन्न परिवारका व्यक्ति निकै मारमा परेको सुनाउनुभयो। उहाँले नेपाल सरकारले भारत जस्तै यहाँ पनि दैनिक उपभोग्य सामग्री सस्तो र सुपथ मूल्यमा उपलब्ध हुने वातावरण मिलाउन सके नेपालीहरु भारतीय बाजारतर्फ किनमेलका लागि नजाने दावी गर्नुभयो। धर्नासँगै एक सयभन्दा बढीको सामान ल्याउँदा लाग्ने भन्सार शुल्कको व्यवस्था खारेज गर्नुपर्ने, भारतबाट मलखाध ल्याउन किसानलाई अनुमति कार्डको व्यवस्था गरिनुपर्ने, विपन्न परिवारलाई घर परिवार चलाउन आवश्यक पर्ने सामान ल्याउन अनुमति कार्ड अनुमति कार्ड उपलब्ध गराउनुपर्ने तथा नेपाल-भारतको सदियौँदेखि रहि आएको सम्बन्धलाई सम्मान गरिनुपर्ने लगायतका चार बुदे माग समेत अगाडि सारिएको छ।

# जलेश्वर मालपोतका कर्मचारीसहित तीन जनालाई कैद सजाय




**अजय शाह**

महोत्तरी, १० वैशाख। महोत्तरीको जलेश्वरस्थित भूमिसुधार तथा मालपोत कार्यालयका दुई कर्मचारीसहित तीन जनालाई विशेष अदालतले गलत लिखत तयार गरी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेको अभियोगमा कैद तथा जरिवानाको सजाय सुनाएको छ। अदालतले बुधबार सुनाएको फैसला अनुसार साविक इटरहर्वाकट्टी-५ कड्डा १२ धुर सरकारी जग्गा २०८० साउनमा राजीवकुमार ठाकुरको नाममा कम्प्युटर प्रणालीमार्फत स्रेस्ता अद्यावधिक गरिएको पाइएको थियो। उक्त जग्गा सुरुमा नापी अभिलेखमा परती, किसानको महल खाली तथा 'विरहमा पोखरी' भनी उल्लेख भएको सरकारी जग्गा रहेको थियो।

यस प्रकरणमा ठाकुरका साथै मालपोत कार्यालयको मोठ फाँटमा कार्यरत नायब सुब्बा परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहको मिलेमतो रहेको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो। गैरकानुनी रूपमा गलत लिखत तयार गरी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्दा राज्यलाई न्यूनतम १७ लाख २५ हजार रुपियाँ बराबरको नोक्सानी पुगेको अभियोगसहित गत माघ १९ गते मुद्दा दायर गरिएको थियो। विशेष अदालतका सदस्यहरू नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम नायब सुब्बा साह र कम्प्युटर अपरेटर सिंहलाई जनही ३ महिना कैद र १० हजार रुपियाँ जरिवाना तथा दफा ११ बमोजिम थप तीन महिना कैद र ३० हजार रुपियाँ जरिवाना सजाय सुनाएको छ।

सोही कसुरमा राजीवकुमार ठाकुरलाई पनि समान सजाय तोकिएको छ साथै, तीनै जना प्रतिवादीबाट जनही एक हजार ६ सय रुपियाँका दरले पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क बुझाउन अदालतले आदेश दिएको छ।

# सडक विस्तारको मौका छोपेर घरभाडा वृद्धि नगर्न अनुरोध




पर्सा, १० वैशाख। वीरगञ्ज महानगरले सडक विस्तारका क्रममा यहाँको मुख्य सडकको भवन भत्किएको मौका छोपेर अन्य स्थानमा व्यापार-व्यवसाय गर्दै आएका व्यवसायीसँग अनावश्यक घरभाडा वृद्धि नगर्न अनुरोध गरेको छ। गत आइतबार डिभिजन सडक हेटौंडाले यहाँको गण्डकचोकदेखि मितेरीपुलसम्मको मुख्य सडक अतिक्रमित गरेर बनाइएका घरटहरा भत्काएको थियो। मुख्य सडकका संरचना भत्काएपछि भित्रीसडकमा रहेका घर तथा संरचनाको भाडा एक्कासी बढेको जनगुनासो आइरहेकाले महानगरको ध्यानाकर्षण भएको जनाएको छ।

वीरगञ्ज महानगर राजस्व व्यवस्थापन महाशाखाले सार्वजनिक सूचना जारी गरेर महानगरभित्र पर्ने त्रिभुवन राजपथ विस्तारका क्रममा मुख्य सडकको घर भत्किएको मौका छोपेर अन्य स्थानका घरधनीहरूले सम्झौताबमोजिम बहालमा बसिरहेका व्यवसायीसँग अत्यधिक भाडा बढाउन दबाब दिने, बढी भाडा पाइने लोभमा सम्झौताअगावै हटाउन खोज्ने, अनधिकृत रूपमा धरौटी माग गर्ने लगायतको गुनासो आएकाले सो नगर्नका लागि सचेत गराएको छ।

महानगर राजस्व व्यवस्थापन महाशाखा प्रमुख मनोजकुमार कर्णले घर, कोठा, सटर र गोदाम आदि बहालमा लेनदेन गर्दा दुवै पक्षबीच दबाबरहित र यथार्थ भाडादर तय गरी गराई सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गराएर आवश्यक प्रक्रिया अघि बढाउन अनुरोध गरेको बताए।

# रौतहटमा वन क्षेत्रमा अनियमितताको आरोप, डिएफओमाथि छानबिनको माग

जनकपुरधाम, १० वैशाख। रौतहटको डिभिजन वन कार्यालयमा व्यापक अनियमितता, भ्रष्टाचार तथा वन दोहन भएको आरोप लगाउँदै मधेस प्रदेश सरकारसमक्ष उजुरी दिइएको छ। चुरे तथा वनजंगल संरक्षण अभियान, नेपालका अध्यक्ष सुनिल कुमार यादवले मधेस प्रदेशको वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीसमक्ष डिभिजन वन प्रमुख हेमन्त साहमाथि छानबिनको माग राख्दै बिहीबार उजुरी दिइएको हो।

डिभिजन वन प्रमुख साहमाथि सरकारी वन स्रोतको दुरुपयोग, मिलेमतोमा काठ बिक्री, सामुदायिक वनको रकम अपचलन तथा तस्करीलाई संरक्षण दिएको आरोप लगाइएको छ। उजुरीमा उल्लेख भएअनुसार सखुवाको काठ आपूर्ति प्रक्रियामा अनियमितता गरी सर्वसाधारणलाई सहुलियत दरमा काठ नदिई गोप्य रूपमा स-मिलहरूसँग मिलेमतो गरी कम मूल्यमा बिक्री गरिएको दाबी गरिएको छ। साथै काठ बिक्रीमा प्रतिफिट कमिसन असुल्ने गरिएको आरोप समेत लगाइएको छ।

त्यसैगरी सामुदायिक तथा साझेदारी वनको दिगो व्यवस्थापनका लागि विनियोजित करिब २० लाख रुपैयाँ रकम अनियमित ढङ्गले फिर्ता लिई दुरुपयोग गरिएको उल्लेख गरिएको छ। विभिन्न सामुदायिक वन उपभोक्ता समूहहरूको खाताबाट रकम निकाली अपारदर्शी खर्च गरिएको भन्दै त्यसको अडिट र बैंक विवरण जाँच गर्न माग गरिएको छ। उजुरीमा गैडाटार क्षेत्रमा करिब ५ हेक्टर जङ्गल फँडानी गरी घुस लिएको, प्रमाण लुकाउन वृक्षारोपण गरिएको तथा कार्यालयका महत्त्वपूर्ण फाइल जलाउन नियोजित रूपमा आगजनी गराइएको जस्ता गम्भीर आरोपहरू पनि समावेश छन्।

त्यस्तै नुनथर क्षेत्रमा कानुन विपरीत संरचना निर्माण गराउन आर्थिक चलखेल भएको, काठ तस्करीलाई सहयोग पुऱ्याएको र प्रमाण नष्ट गर्न आगो लगाइएको दाबी गरिएको छ। वन क्षेत्रमा व्यापक तस्करी भइरहेको, विभिन्न वन क्षेत्रमा अवैध फँडानी भएको तथा मन्त्रालयले छानबिन नगरेको भन्दै उजुरीकर्ताले सम्बन्धित निकायमाथि समेत प्रश्न उठाएका छन्। साथै, चुरे क्षेत्रमा क्रसर उद्योगबाट भइरहेको दोहनप्रति समेत ध्यानाकर्षण गराइएको छ। उजुरीमा डिभिजन वन प्रमुख साहले सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिलाई आधार मान्दै सामुदायिक वनमा भएका अनियमितता ढाकछोप गरिएको आशङ्का समेत व्यक्त गरिएको छ।

उक्त उजुरीको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय वन तथा वातावरण मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत पठाइएको छ। उजुरीकर्ताले निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही नगरे अख्तियारसम्म जाने चेतावनी दिएका छन्। मन्त्री चौधरीले प्राप्त उजुरीमा उल्लेख गरिएका बुँदाहरूमा छानबिन गर्ने प्रतिबद्धता जनाएका छन्। उनले वन क्षेत्रमा भइरहेको अवैधानिक क्रियाकलापको विषयमा आफू जानकार रहेको भन्दै यस विषयमा छानबिन गरी दोषीमाथि कडा कारबाही गरिने बताए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)